नेपाल सरकार कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, छाउनी काठमाडौंको मिति २०७८/०१/१२ गते बसेको निर्देशक समितिको बैठकको निर्णय र जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७८/०१/१३ गतेको निर्णयानुसार यस नगरपालिका क्षेत्र भित्रका विद्यालय तथा शिक्षालयमा भौतिक उपस्थितीमा हुने सबै प्रकारका पठन पाठन तथा पूर्व निर्धारित परीक्षाहरु अर्को निर्णय वा आदेश नभएसम्मको लागि स्थगित गर्ने/गराउने निर्णय गरियो ।

निर्णय नं. ७

पञ्चपुरी नगरपालिकामा समेत कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमणको जोखिम उच्च रहेकोले कोभिड-१९ बाट संक्रमित हुने व्यक्तिहरुलाई औषधोपचारको लागि वीरेन्द्रनगर सुर्खेत वा अन्य कुनै नगरपालिका क्षेत्र बाहिरका अस्पतालहरुमा लैजाने प्रयोजनको लागि नगरपालिकाको कोभिड-१९ कोषबाट खर्च लेख्ने गरी ३ (तीन) महिनाको लागि १ (एक) थान एम्बुलेन्स भाडामा लिने निर्णय गरियो ।

निर्णय नं. ८

कोभिड-१९ का कारण मृत्यु भएका वा हुने पञ्चपुरी नगरपालिकाका बासिन्दाका परिवारलाई मेडिकल रिपोर्ट र सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा प्रति परिवार रु. २०,०००/- (वीस हजार) कोभिड-१९ कोषबाट प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

पञ्चपुरी नगरपालिकाको सेवालाई चुस्त, नागरिकमैत्री, प्रभावकारी र नतिजामुलक बनाउनको लागि नगरपालिका र मातहतका वडाहरुमा आवश्यक जनशक्ति व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M Survey) गर्नु पर्ने देखिएको तर आ.व. ०७७/०७८ को नगरपालिकाको बजेट तथा योजनामा उक्त कार्यक्रम समावेश नभएकाले यस आ.व. मा नगरपालिका अन्तरगत सञ्चालित योजनाहरुको कन्टिन्जेन्सी शीर्षक अन्तरगत कट्टा भई जम्मा हुन आएको रकमबाट खर्च लेख्ने गरी नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षणका लागि रु ५,००,०००/- (पाँच लाख) विनियोजन गर्ने निर्णय गरियो ।